# बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल

## आ.व. ०७८/०७९ को लागि ढुंगा, गिट्टी, बालुवा, रोडा आदि (नदीजन्य पदार्थ) उत्खनन् संकलन तथा विक्री शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०३ /१५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२) र घ (६) समेतमा भएको व्यवस्था बमोजिम यस बलेफी गाउँपालिका क्षेत्रभित्र पर्ने सुनकोशी नदी र ब्रम्हायणी नदिको विभिन्न स्वीकृत स्थानहरुबाट निकासी गरिने नदिजन्य श्रोतहरु (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल रोडा, माटो आदि) को शुल्क बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७८ मा उल्लेखित प्रति इकाई दररेट अनुसार आगामी आ.व. ०७८/०७९ का लागि बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपी, फर्मको हकमा नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, नियमानुसारको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित रितपूर्वकको यो ३० दिने विद्युतीय माध्यमबाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https;//ppmo.gov.np/egp मा रहेको कष्तभ प्रयोग गरी हेर्न वा समावेश हुन सकिने गरी बोलपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

**बोलपत्र फाराम दस्तुर रु. ५०००/- (फिर्ता नहुने गरी)**

| सि. नं | ठेक्का नं | ठेक्काको किसिम | शुल्क उठाउन पाउने दररेट | कारोबार योग्य अधिकतम परिमाण (घनमीटर) | न्युनतम ठेक्का अंक (मू.अ.क.सहित) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०१-०७८/०७९ | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल तथा रोडा आदि उत्खनन तथा विक्री शुल्क (खानीक्षेत्र बाहेक) | प्रति घनफिट रु. ९/- | १६,८२० घ.मी. | रु. ६०,५४,९३०/- | २०७८ श्रावण १३ गते बुधबार कार्यालय समयभित्र | २०७८ श्रावण १४ गते बिहीबार दिउँसो १२ बजेभित्र | २०७८ श्रावण १४ गते बिहिबार दिउँसो १ बजे |

| बोलपत्र दस्तुरको लागिः | धरौटीको लागिः |
|---|---|
| NIC Asia बैंक लि. खाडीचौर शाखा<br>आन्तरिक राजश्व खाता नं. १९४CA५०००३५७०००७ | NIC Asia बैंक लि. खाडीचौर शाखा<br>धरौटी खाता नं. J४CA०००३५७०५२४०५ |

प्रस्तावित ठेक्काहरुमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले तोकेको क्षेत्रको परिमाण अनुसार ठेक्का कारोबार सञ्चालन हुनेछ। तर थप परिमाणको IEE स्वीकृत भएमा वा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय वा अन्य कुनै विधिबाट थप उत्खनन्, संकलन र निकासी, विक्रीको अनुमति दिनुपर्ने भएमा बोलपत्र स्वीकारकर्तालाई पहिलो प्राथमिकता दिई सम्झौताको शर्तमा उल्लेख भए अनुसार हुनेछ।

**शर्त तथा बन्देजः**

१. चालु आ.व.का लागि कारोबार योग्य नदीजन्य श्रोतको परिमाण र व्यवस्थापन (स्वीकृत IEE को परिमाण १६,८२० घनमीटर कायम गरिएको छ।
२. ठेक्काको मान्य अवधिः (उत्खनन, संकलनको हकमा सम्झौता भएको मितिदेखि २०७९ जेष्ठ मसान्तसम्म र विक्रीको हकमा सम्झौता भएको मितिदेखि २०७९ असार मसान्तसम्म कायम रहनेछ।
३. ठेकेदारका कारण सम्झौता गर्न ढिलाई भएमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन। स्वीकृत परिमाणको अभिलेख गाउँपालिका समेतले राख्नेछ। सो अनुसार उल्लेखित अगावै कारोबार योग्य परिमाण विक्री भएमा तोकिएको समयाबधि अगावै स्वतः समाप्त हुनेछ।
४. बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुने आउने रकम गाउँपालिकाको नाममा रहेको एन.आइ.सी. एसिया बैंक लि. खाडीचौर शाखाको खाता नं. J४CA०००३५७०५२४०५ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको म्याद सकिने दिनबाट कम्तिमा १२० दिन म्याद भएको विड बन्ड समेत बोलपत्रसाथ अनिवार्य संलग्न हुनु पर्नेछ।
५. बोलपत्र फाराम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलीपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन र सोही समयलाई मानिनेछ।
६. बोलपत्रमा समावेश हुनेले एन.आइ.सी. एसिया बैंक लि., खाडीचौर शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता नं. J४CA५०००३५७०००७ मा बोलपत्र खरिदको लागि तोकिएको दस्तुर दाखिलाको सक्कल भौचर सहितको आवश्यक कागजात समावेश गर्नु पर्नेछ। सो को सक्कल प्रतिहरु बोलपत्र खोलिए लगत्तै कार्यालमा उपलब्ध गराउनु पर्नेछ।
७. प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोही दिन १ बजे यस कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहबरमा बलेफी गाउँ कार्यपालिकाको कार्यालय, बलेफीमा खोलिनेछ। साथै प्रस्ताव खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि खोल्न कुनै बाधा हुने छैन।
८. बोलपत्रदाताहरुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
९. बोलपत्र स्वीकृती भएको जानकारी पाएको १५ (पन्ध्र) दिनभित्र बोलपत्रदाताले न्युनतम ४० प्रतिशत नगद कार्यालयले तोकिदिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा बोलपत्रमा उल्लेख भए अनुसारको बाँकी ६० प्रतिशत रकम किस्ता बमोजिम माघ मसान्तभित्र दाखिला गर्नुपर्नेछ। किस्ताको हकमा सम्झौता बखत नेपाल सरबारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा २०७९ श्रावण मसान्तसम्मको म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित सम्झौता गर्न आउनु पर्नेछ।
१०. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बलेफी गाउँपालिकामा सुरक्षित रहनेछ।
११. यस सम्बन्धी अन्य जानकारी चाहिएमा कार्यालय समयभित्र कार्यालयमा बुझ्न सकिनेछ। साथै कार्यालयको वेभसाइट www.balephimun.gov.np मा र सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https;//ppmo.gov.np मा हेर्न सकिनेछ।
१२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानुन बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**